Australian Government

NATIONAL BOWEL CANCER SCREENING PROGRAM

C001LC – 7/2025 – Nepali | नेपाली

# नमुना पत्र मात्र

**यो परीक्षण गर्नुहोस् र २ हप्ता भित्र वा सकेसम्म चाँडो फिर्ता पठाउनुहोस्**

## <नाम>, तपाईंको नि:शुल्क आन्द्रा परीक्षण (स्क्रिनिङ्ग) गर्ने समय आयो।

### यो परीक्षण गर्नाले तपाईंको जीवन बच्न सक्छ

- स्तन, छाला वा प्रोस्टेट क्यान्सरभन्दा आन्द्राको क्यान्सरले धेरैको ज्यान लिन्छ - यसमा उमेर सबैभन्दा ठूलो जोखिम कारक मानिन्छ।
- यो बिना लक्षण वा आन्द्राको क्यान्सरको पारिवारिक इतिहास बिना नै शुरु हुन सक्छ, त्यसैले तपाईं स्वस्थ र तन्दुरुस्त महसुस गरे पनि परीक्षण गराउनु महत्त्वपूर्ण हुन्छ।
- यदि प्रारम्भमै पत्ता लाग्यो भने, ९०% भन्दा बढी आन्द्राको क्यान्सरका रोगहरूको सफलतापूर्वक उपचार गर्न सकिन्छ।

### यो परीक्षण छिटो छरितो, सफासुग्घर र सजिलो तरिकाले गर्न सकिन्छ

तपाईंलाई चाहिने सबै चिज, विस्तृत निर्देशनहरू सहित, किटमा समावेश हुन्छ।



1 २ पटकका दिसाहरुबाट २ वटा छुट्टाछुट्टै साना नमुनाहरू सङ्कलन गर्नुहोस्।



2 आफ्नो नमुनाहरू शीतल ठाउँमा राख्नुहोस्। फ्रिजरमा नराख्नुहोस्।



3 तपाईंका नमूनाहरू हामीलाई पठाउनुहोस्।

परीक्षण कसरी गर्ने भन्ने बारे भिडियो हेर्न यो QR कोड स्क्यान गर्नुहोस्।

तपाईंले आफ्नो नमुना पठाएको ४ हप्ता पछि तपाईंको नतिजा तपाईं र तपाईंको डाक्टरलाई हुलाक मार्फत पठाइने छ।

यो कार्यक्रम ७४ वर्षको उमेरमा समाप्त हुन्छ, त्यसैले यो हामीले तपाईंलाई पठाउने अन्तिम किट हो। यदि तपाईंलाई आन्द्राको क्यान्सर बारेको चिन्ताले निरन्तर सताउछ भने, कृपया आफ्नो डाक्टरसँग कुरा गर्नुहोस् जसले तपाईंको व्यक्तिगत स्वास्थ्य अवस्थालाई मध्येनजर राखी उपयुक्त परीक्षणका विकल्पहरू बारे सल्लाह दिन सक्छन्।

**परीक्षण गर्न नबिर्सनुहोस् - यो पत्र फ्रिजमा टाँस्नुहोस् र तपाईंको किट शौचालय नजिकै राख्नुहोस्**

**आन्द्राको क्यान्सर स्क्रिनिङ्गको बारेमा थप जानकारीका लागि**

www.health.gov.au/nbcsp मा जान यो QR कोड स्क्यान गर्नुहोस्।

राष्ट्रिय क्यान्सर स्क्रिनिङ्ग रजिष्टर www.ncsr.gov.au मा जानुहोस् वा 1800 627 701 मा फोन गर्नुहोस्।

हामीले तपाईंको व्यक्तिगत जानकारी कसरी प्रयोग गरिरहेका छौं: www.ncsr.gov.au/privacy मा हेर्नुहोस्